*प्रस्तावित मस्यौदा*

# नेपालको सहकारी क्षेत्रको दीर्घकालीन योजना (२०७४।७५-२०९३।९४)

सहकारी तथा गरिबी निवारण मन्त्रालयमा प्रेषित

राष्ट्रिय सहकारी विकास बोर्डको संयोजनमा तयार गरिएको

२०७४ असोज

# भूमिका

राष्ट्रिय सहकारी नीति, २०६९ र नेपालको आवधिक योजनाहरूमा उल्लेख भएबमोजिम सहकारी क्षेत्रको दीर्घकालीन योजना तयार गर्ने सन्दर्भमा आवश्यक अध्ययन तथा विश्लेषणको कार्य राष्ट्रिय सहकारी विकास बोर्डको संयोजनमा आ.व २०७०/७१ बाट सुरु गरिएको हो । दीर्घकालीन रणनीतिक योजना तर्जुमा कार्यका लागि राष्ट्रिय सहकारी विकास बोर्डको सहअध्यक्षको संयोजत्वमासहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव, अर्थ मन्त्रालयका सहसचिव, कृषि विकास मन्त्रालयका सहसचिव, राष्ट्रिय योजना आयोगका सहसचिव, सहकारी विभागका रजिष्ट्रार, राष्ट्रिय सहकारी संघका अध्यक्ष र अन्य विज्ञहरू सम्मिलित दीर्घकालीन योजना तर्जुमा उपसमितिको गठन गरी सहजीकरण गरिएको थियो ।

सहकारी क्षेत्रको दीर्घकालीन योजना तर्जुमा गर्ने गहनतम एवं जटिल कार्यको निमित्त सहकारी क्षेत्रको समग्र वस्तुस्थितिबारे विषयगत एवं वस्तुगत जानकारी एवं तथ्याङ्कहरूको आवश्यकता पर्ने हुँदा राष्ट्रिय सहकारी विकास बोर्डको पहलमा साविक विकासक्षेत्रगत आधारमा आ.व. २०७०/७१ मा सुरु गरिएको सहकारी संस्थाहरूको सर्वेक्षण कार्य आ.व. २०७३/७४ सम्पन्न गरिएको हो । सहकारी क्षेत्रको दीर्घकालीन योजना तर्जुमा कार्यमा जम्मा २५ जिल्लास्थित सहकारी संस्थाहरूमध्येबाट ५९१ वटा विषयगत सहकारी संस्थाहरू छनोट गरी सम्पन्न सर्वेक्षणबाट प्राप्त जानकारी एवं तथ्याङ्कहरूको विश्लेषण गरी तयार पारिएको एकीकृत प्रतिवेदनलाई आधार लिइएको छ । यसैगरी सहकारी क्षेत्रको दीर्घकालीन योजना तयार गरिँदा नेपालको संविधान (२०७२) मा उल्लिखित निर्देशक सिद्धान्तहरू, राज्यका नीतिहरू र अनुसूचीहरूमा दिइएका विभिन्न तहमा सहकारी सम्बद्ध एकल तथा साझा अधिकारहरू, चौधौं योजना (२०७३/७४–२०७४/७५) मा उल्लिखित सहकारी सम्बद्ध सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरू, नेपालमा दिगो विकासका लक्ष्यहरू (सन् २०३० सम्म) कार्यान्वयनसम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०७३ मा उल्लिखित सहकारी क्षेत्रको योगदानसम्बन्धी बुँदाहरूलाई आवश्यकताअनुसार समेटिएका छन् । साथै आ.व. २०७३/७४ मा राष्ट्रिय सहकारी विकास बोर्डद्वारा सातवटा प्रदेशमा आयोजना गरिएको दीर्घकालीन रणनीतिक योजनासम्बन्धी गोष्ठीहरूबाट प्राप्त सुझावहरूलाई समेत उपयुक्तताअनुसार समावेश गरिएका छन् ।

यो परिमार्जित मस्यौदा तयार गर्दाको अन्तिम समयमा संसद्ले नयाँ सहकारी कानून पारित गरेको छ । नयाँ सहकारी कानून कार्यान्वयनमा आएपछि सहकारी क्षेत्रमा सुशासनको प्रवर्द्धन एवं गुणात्मक सुधार हुने अपेक्षा गरिएको छ । सहकारी क्षेत्रको दीर्घकालीन योजनाको खाका तयार गरिँदा नयाँ सहकारी कानूनमा समावेश गरिएका कतिपय प्रावधानहरूलाई विचार गरिएको छ ।

सहकारी क्षेत्रको दीर्घकालीन योजनाको प्रारम्भिक मस्यौदालाई मिति २०७४।०५।१८ मा राष्ट्रिय सहकारी विकास बोर्डद्वारा आयोजना गरिएको राष्ट्रिय गोष्ठीमा सहकारी तथा गरिबी निवारण मन्त्रालयका माननीय मन्त्रीज्यू, माननीय राज्यमन्त्रीज्यू, श्रीमान् सचिवज्यूका साथै राष्ट्रिय सहकारी संघका अध्यक्षज्यू, राष्ट्रिय सहकारी विकास बोर्डका सञ्चालक तथा पदाधिकारीहरू, विषयगत केन्द्रीय सहकारी संघका अध्यक्षज्यूहरूलगायत सहकारी अभियन्ताहरूको उपस्थितिमा प्रस्तुत गरिएको थियो । यस राष्ट्रिय गोष्ठीमा गरिएको प्रस्तुतीकरणमा व्यापक छलफल भई प्राप्त

सुझावहरूका साथै गोष्ठीपश्चात् प्राप्त भएका लिखित प्रतिक्रियाहरूलाई थप विश्लेषण गरी उपयुक्तताअनुसार समायोजन एवं समावेश गरी यो परिमार्जित मस्यौदा तयार गरिएको छ ।

मिति २०७४ असोज ६ गतेका दिन सहकारी तथा गरिबी निवारण मन्त्री माननीय अम्बिका बस्नेतको अध्यक्षतामा बसेको राष्ट्रिय सहकारी विकास बोर्डको सञ्चालक समितिको बैठकमा छलफल भई प्रस्तुत परिमार्जित मस्यौदालाई सहकारी तथा गरिबी निवारण मन्त्रालयमा स्वीकृतिका लागि पेस गर्ने निर्णय भएअनुसार प्रस्तुत गरेको छु ।

अन्त्यमा सहकारी क्षेत्रको दीर्घकालीन योजना तर्जुमा जस्तो गहनतम कार्यमा सघाउनु हुने सरोकारवाला सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु । साथै परामर्शदाता विज्ञ तथा स्रोत व्यक्तिहरू नीति विश्लेषक श्री प्रतापकुमार पाठक, व्यवस्थापन विज्ञ श्री बाल गोविन्द विष्ट, सहकारी क्षेत्रका अभियन्ता श्री विजयराज घिमिरे, अर्थशास्त्री श्री नवीन अधिकारी, वातावरणविद् श्री गोविन्द तिवारी, सहकारी क्षेत्रका विश्लेषक श्री रवीन्द्रनाथ अधिकारी र सहकारी क्षेत्रका सर्वेक्षक श्री विदुर बस्नेतको प्रत्यक्ष एवं परोक्ष योगदानप्रति आभारी व्यक्त गर्दछु ।

२०७४, असोज १८

सरोजकुमार शर्मा

सहअध्यक्ष

राष्ट्रिय सहकारी विकास बोर्ड

# विषयसूची

## परिच्छेद- १
## प्रारम्भिक


१.१ पृष्ठभूमि १
१.२ सहकारीका मूल्यहरू १
१.३ सहकारी सिद्धान्तहरू २
१.४ सहकारीको विकासका लागि अन्तर्राष्ट्रिय संघ संस्थाको सरोकार ३
१.५ विश्वमा सहकारीको स्थिति ४
१.६ सहकारीको सन्दर्भमा अन्य राष्ट्रका अनुभवहरू ५
१.६.१ श्रीलङ्का ५
१.६.२ भारत ६
१.६.३ बंगलादेश ६
१.६.४ केन्या ७
१.६.५ क्यानाडा ७
१.६.६ इटाली ७
१.६.७ दक्षिण अफ्रिका ८
१.६.८ इजरायल ८


## परिच्छेद- २
## नेपालमा सहकारीको विद्यमान स्थिति


२.१ नेपालमा सहकारिताको विकास ९
२.२ नेपालमा सहकारीको समग्र स्थिति ११
२.३ विषयगत सहकारी संस्थाहरूको विद्यमान स्थिति १२
२.३.१ सहकारी सदस्यता १३
२.३.२ सहकारी संस्थामा युवा सहभागिता १४
२.३.३ विषयगत सहकारी संस्थाद्वारा रोजगारीमा योगदान १४
२.३.४ सहकारी संस्थाहरूको औसत वित्तीय स्थिति १४
२.३.५ सहकारी संस्थाको संस्थागत क्षमता सम्बद्ध बुँदाहरू १७
२.४ सहकारी सम्वद्ध सवल पक्ष तथा सम्भावनाहरू १९
२.५ सहकारी सम्बद्ध समस्या तथा चुनौतीहरू २३

## परिच्छेद- ३
## सहकारी क्षेत्रको आर्थिक विश्लेषण र प्रक्षेपण


३.१ अर्थतन्त्रमा सहकारीको योगदान : अन्तर्राष्ट्रिय स्थिति ३०
३.२ नेपालको समष्टिगत आर्थिक स्थिति ३२
३.३ सहकारीको क्षेत्रको प्रवृत्ति र स्थिति ३४
३.३.१ सहकारी क्षेत्रको पुँजी, बचत र ऋण लगानीको स्थिति ३४
३.३.२ क्षेत्रगत सहकारीको पुँजी, बचत र ऋण लगानीको स्थिति ३४
३.३.३ कुल गार्हस्थ उत्पादनको अनुपातमा सहकारी क्षेत्रको पुँजी, बचत र ऋण लगानीको स्थिति ३५
३.३.४ सहकारीको रोजगारीमा योगदान ३६
३.३.५ सहकारीको पहुँच ३६
३.४ सहकारीको कुल गार्हस्थ उत्पादनमा योगदान ३७
३.५ सहकारीका प्रमख सूचकहरूको प्रक्षेपण र रणनीतिक योजनाअन्तर्गत हासिल गर्ने ठोस लक्ष्यहरू ३९
३.५.१ प्रक्षेपित मुख्य लक्ष्यहरू ३९
३.५.२ रणनीतिक योजनाअन्तर्गत हासिल परिमाणात्मक सूचकहरू ४०
३.६ रणनीतिक योजनाअन्तर्गत हासिल गर्नुपर्ने स्थिर लगानी ४१


## परिच्छेद- ४
## नेपालको सहकारी क्षेत्रको बीस वर्षे रणनीतिक योजना


४.१ नेपालमा सहकारी क्षेत्रको विकासका मार्गदर्शक सिद्धान्त ४३
४.२ सहकारी क्षेत्रको दीर्घकालीन रणनीतिक योजनाको दृष्टिकोण र अवधारणा ४४
४.३ रणनीतिक योजनाको दीर्घकालीन सोच र परिदृश्य ४५
४.४ रणनीतिक योजनाको ध्येय र प्राथमिकताका क्षेत्र ४५
४.५ रणनीतिक योजनाको दीर्घकालीन उद्देश्य र परिलक्ष्य ४५
४.६ सहकारी क्षेत्रको विकासका रणनीतिक स्तम्भहरू ४६
४.७ रणनीतिक योजनाले हासिल गर्नुपर्ने उपलब्धिको क्षेत्र र परिमाणात्मक कार्यलक्ष्यको प्रक्षेपण ४६
४.८ सहकारी क्षेत्रको विकासका विभिन्न तह ४७
४.९ रणनीतिक योजनाले अवलम्बन गर्ने रणनीति एवं योजना तथा कार्यक्रम ४८
४.१० उपलब्धिको क्षेत्रअनुसार रणनीतिक योजनाको अपेक्षित उपलब्धि तथा नतिजा ५३

## परिच्छेद- ५
# दीर्घकालीन एकीकृत सहकारी रणनीतिक योजनाको कार्यान्वयन व्यवस्था


५.१ रणनीतिक योजना कार्यान्वयनको अवधारणा र दृष्टिकोण ५६
५.२ रणनीतिक योजना कार्यान्वयनका लागि कानुनी तथा संस्थागत व्यवस्था ५७
५.३ रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन र मूल्यांकन व्यवस्था ५८
५.४ विशेषीकृत रणनीति र कार्ययोजना ६०
५.५ स्रोत परिचालन र लगानीको सुनिश्चितता ६८


**अनुसूचीहरू**


१. सन्दर्भ सामग्रीहरू ७०
१(क) केन्द्रीय सहकारी संघहरूको विवरण ७२
२. मिति २०७४।०४।३१ मा राष्ट्रिय सहकारी विकास बोर्डमा दीर्घकालीन सहकारी रणनीतिक योजनाको प्रारम्भिक खाकाको प्रस्तुतीकरण तथा छलफलमा उपस्थिति ७३
२(क) मिति २०७४।०५।११ मा दीर्घकालीन सहकारी रणनीतिक योजना तर्जुमा उपसमितिको बैठकमा प्रस्तुतीकरण तथा छलफलमा उपस्थिति ७४
२(ख) मिति २०७४।०५।१८ मा दीर्घकालीन सहकारी रणनीतिक योजनासम्बन्धी राष्ट्रिय गोष्ठीमा उपस्थिति ७५
३. Calculation of Elasticity to Measures the Contribution of Cooperative Regression Results Summary ७७


**अनुसूची तालिकाहरू**

**तालिकाहरू**


२.१ नेपालमा सहकारी क्षेत्रको समष्टिगत स्थिति १२
३.१ विश्व अर्थतन्त्रमा सहकारीको योगदान ३०
३.२ विभिन्न देशको अर्थतन्त्रमा सहकारीको योगदान ३२
३.३ सहकारी क्षेत्रको पुँजी, बचत र ऋण लगानीको स्थिति (रु. खर्बमा) ३४
३.४ क्षेत्रगत सहकारीको पुँजी, बचत र ऋण लगानीको स्थिति ३५
३.५ कुल गार्हस्थ उत्पादनको अनुपातमा सहकारी क्षेत्रको पुँजी, बचत र ऋण लगानीको स्थिति ३५
३.६ आ.व. २०७२/७३ मा सहकारीमार्फत सृजित रोजगारी ३६
३.७ सहकारीको पहुँच ३७
३.८ सहकारीको कुल गार्हस्थ उत्पादनमा योगदान ३९

३.९ प्रक्षेपित मुख्य लक्ष्यहरू ४०
३.१० रणनीतिक योजनाअन्तर्गत हासिल परिमाणात्मक लक्ष्यहरू(२०७३/७४को स्थिर मूल्यमा) ४१
३.११ सीमान्त पुँजी उत्पादन अनुपात अनुमान ४२
३.१२ रणनीतिक योजनाअन्तर्गत हासिल गर्नुपर्ने क्षेत्रगत स्थिर लगानी (रु. खर्बमा) ४२

**चित्रहरू**

चित्र ३.१ : बृहत् औद्योगिक समूहअनुसार कुल गार्हस्थ उत्पादनको अंश ३३
चित्र ३.२ : औद्योगिक वर्गीकरणअनुसार कुल गार्हस्थ उत्पादनको अंश ३४